# काभ्रेपलाञ्चोक जिल्ला अदालतको

## सूचना

विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को उच्च जोखिमलाई दृष्टिगत गरी संभावित संक्रमणबाट अदालतका सेवाग्राही, कानून ब्यवसायी तथा कर्मचारीहरु समेतको सुरक्षाको लागि सम्मानित सर्वोच्च अदालतको मिति २०७६।१२।७ मा बसेको पूर्ण वैठकले अत्यावश्यक सेवा बाहेक अन्य नियमित सेवा स्थगन गर्ने निर्णय भएअनुसार र कोभिड-१९ संबन्धी सर्वोच्च अदालतका विभिन्न आदेश समेतका आधारमा अत्यावश्यक बाहेकका अन्य सेवा बन्द रहेकोमा सर्वोच्च अदालतको च.नं. १९७३ मिति २०७७।२।३२ को परिपत्रानुसार काभ्रेपलाञ्चोक वार इकाईका अध्यक्षज्यू लगायत कानून व्यवसायी र सरोकारवालाको मिति २०७७।३।१ गते बसेको बैठकबाट पूर्ववत सेवाका अतिरिक्त देहायका सेवाहरु समेत संचालन गरिने बेहोरा संबन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

१. बन्दाबन्दी पूर्णरुपमा नखुलेको अवस्थासम्मका लागि दैनिक २ वटासम्म फिराद पत्र दर्ता गर्ने । तर फिराद गर्ने पक्षहरु ७० वर्ष भन्दा माथिको बृद्ध, अशक्त तथा बालबालिका सम्मिलित फिराद दर्ता गर्न ल्याएमा २ वटाको हद नलाग्ने ।

२. प्रतिउत्तरपत्रहरु दर्ता हुन आएमा अदालतको कार्यवोझका आधारमा संभव भएसम्म उसै दिन दर्ता गर्ने।

३. अधिकृतबारेशनामा दैनिक ३ वटासम्म प्रमाणित गर्ने ।

४. दर्ता विवाहका निवेदनहरु दैनिक एक वटा मात्र गर्ने ।

५. मिलापत्र गर्ने गरी दर्ता हुन आएका संबन्धविच्छेदको निवेदन, प्रतिउत्तरपत्र र मिलापत्रको संयुक्त निवेदन दर्ता हुन आएमा मिलापत्र हुन सक्ने रहेछ भने उसै दिन मिलापत्र गरिदिने । अन्य विचराधिन मुद्दामा मिलापत्रको संयुक्त निवेदन दर्ता हुन आएमा मिलापत्र हुन सक्ने रहेछ भने दिनमा २ वटासम्म मुद्दामा मिलापत्र गरिदिने ।

६. मुद्दाका दुबैपक्ष तारेखमा उपस्थित हुन आएमा सो मुद्दाको बाँकी कारवाही नियमानुसार अगाडी बढाउने।

७. थुनुवा रहेका मुद्दाहरुमा बन्दाबन्दीको अवधि भन्दा अगाडी आदेश भई सो आदेश कार्यान्वयन नभएको रहेछ भने जस्तैः साक्षी बकपत्रको तारेख तोकिएको तर बन्दाबन्दीको कारण बकपत्र हुन नसकेको रहेछ भने त्यस्ता मुद्दा साधसोधका लागि इजलास समक्ष पेश गरी भएका आदेशानुसार गर्ने ।

८. मुद्दाको तारेख लगायतका कामहरु गर्दा प्रत्येक फाँटले ३ दिनका दरले क्रमशः २०७७।३।११ बाट काम प्रारम्भ गर्ने । सोको सूचना बार र स्थानीय संचार माध्यम मार्फत प्रवाह गर्ने ।

९. जग्गा रोक्काको निवेदन परेमा दिनमा ३ वटा निवेदनसम्म पूर्ववत ब्यवस्था बमोजिम सुनुवाई गर्ने

१०. अन्य कार्यहरु पूर्ववतरुपमा संचालन गर्ने ।

२०७७।३।७

गोविन्दप्रसाद घिमिरे
श्रेस्तेदार (उप-सचिव)